नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५४०                                                                मिति :- २०६७/४/२५

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा इजाजतपत्रप्राप्त “क” र राष्ट्रिय स्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- बैंक तथा वित्तीय संस्थाहरुले विदेशस्थित एजेन्सी बैंकहरुमा राख्न सक्ने विदेशी विनिमय मौज्दात सम्बन्धमा ।

महाशय,

बैंकहरुले आफ्नो विदेशी एजेन्सी बैंकहरुमा मौज्दातको रुपमा राखी लगानी गर्ने सम्बन्धमा देहाय वमोजिमका व्यवस्थाहरु कायम गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(क) बैंक/वित्तीय संस्थाहरुले आफूसंग रहेको परिवर्त्य विदेशी मुद्राको निक्षेप वापतको सम्पूर्ण रकम विदेशी एजेन्सी बैंकहरुमा मौज्दातको रुपमा राख्न सक्ने छन् ।

(ख) बैंक/वित्तीय संस्थाहरुले अग्रिम विनिमय कारोवार (Forward Exchange Contract) गरेको अवस्थामा सो करार दायित्वको सम्पूर्ण रकम विदेशी एजेन्सी बैंकहरुमा मौज्दातको रुपमा राख्न सक्ने छन् ।

(ग) बैंक/वित्तीय संस्थाहरुले खोलेको आयात प्रतीतपत्र लगायत अन्य विदेशी विनिमय दायित्वको बढीमा २५ (पच्चीस) प्रतिशत बराबर विदेशी मुद्रा मात्र विदेशी एजेन्सी बैंकहरुमा मौज्दातको रुपमा राख्न सक्ने छन् ।

(घ) यस बैंकबाट मिति २०६६/४/२० मा जारी गरिएको इ.प्रा.परिपत्र संख्या ५०८ को अधीनमा रही बैंक/वित्तीय संस्थाहरुले उक्त एजेन्सी मौज्दातबाट आफ्नो दैनिक तरलतामा प्रतिकुल असर नपर्ने गरी बढीमा १ वर्ष वा सोभन्दा कम अवधिको कल डिपोजिट, सर्टिफिकेट अफ डिपोजिट वा यस्तै अन्य उपकरणहरुमा लगानी गर्न सक्ने छन् ।

(ङ) यो परिपत्र जारी भएको मितिभन्दा अगावै गरिएका लगानीहरुलाई ६ महिनाभित्र यस परिपत्रको सीमाभित्र ल्याई सक्नु पर्नेछ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
७. श्री सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
९. श्री नेपाल विकास बैंक संघ, काठमाण्डौ ।